**प्रेस विज्ञप्ति**

**५ फागुन २०७७**

**नेपाली सेनाले मैना सुनुवारको हत्या गरेको १७औं वार्षिकी**

**अदालतले दोषी ठहर गरेका अपराधीहरू अझै कानूनको दायरामा आएका छैनन् !**

तत्कालीन शाही नेपाली सेना (हाल नेपाली सेना) ले काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालमा रहेको वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रमा २०६० फागुन ७ गते १५ वर्षीया बालिका मैना सुनुवारलाई जबर्जस्ती बेपत्ता, यातना र हत्या गरेको घटनाको सत्रौं वार्षिकी आज परेको छ । राज्यले न्यायमा निरन्तर अवरोध गरिरहेको र गहिरिँदो दण्डहीनता अन्त्य गर्न विफल भएको अवस्थामा समेत हामीले न्याय पाइने आशा मारिसकेका छैनौं ।

१३ वर्षको अथक न्यायिक संघर्षपछि २०७४ वैशाख ३ गते काभ्रेपलाञ्चोक जिल्ला अदालतले मैना सुनुवारको हत्यामा संलग्न तीन सैनिक अधिकृत (महासेनानी बबी खत्री, सहसेनानी सुनिल प्रसाद अधिकारी र सहसेनानी अमित पुन) लाई कसूरदार ठहर गरेको थियो (यस अपराधका लागि नेपालमा जन्मकैदको सजायको व्यवस्था छ) । मैनालाई पक्राउ गर्न जिम्मेवार तथा उनलाई यातना दिँदा उपस्थित रहेका नेपाली सेनामा कार्यरत सहसेनानी निरञ्जन बस्नेतलाई सफाइ दिइएको थियो । (निरञ्जन बस्नेतलाई सफाइ दिने तथा न्यायिक प्रक्रियालाई सहयोग नगर्ने कसूरदारहरूको सजाय घटाउनका लागि सिफारिश गर्ने) जिल्ला अदालतको फैसलाविरुद्ध पुनरावेदन दिने प्रचलित कानूनी अभ्यास र हाम्रो कानूनी अधिकारलाई तत्कालीन महान्यायाधिवक्ताले अवमूल्यन गरेका थिए । सरकारी अधिकारीको हैसियतमा पीडितहरूको अधिकार र सरोकारलाई संरक्षण गर्ने दायित्व महान्यायाधिवक्ताको हुन्छ । हामी यसका बावजूद पीडकहरूलाई कारावास सजाय दिनका लागि पक्राउ गरेको हेर्ने आशामा थियौं । तर तीन वर्ष भन्दा बढि समय बितिसक्दा समेत दोषीहरू पक्राउ पर्न सकेका छैनन् ।

मैनाकी मामाकी छोरी १६ वर्षीया रीना रसाइलीलाई २०६० फागुन १ गते बलात्कारपछि हत्या गरिएको थियो । देवी सुनुवार भन्छिन्, “मेरी भदैनीमाथि गरिएको ज्यादतीको एक प्रत्यक्षदर्शी भएकाले म मौन रही त्यस घटनालाई सहेर बस्न सकिनँ । सञ्चारकर्मीहरूलाई मैले मेरी भदैनीमाथि गरिएको अत्याचारका विषयमा बताएकाले आफ्नी छोरी पनि गुमाउन पुगें ।”

रीनाको बलात्कार तथा हत्यामा संलग्न पीडकहरूमध्ये तल्लो दर्जाका सिपाही काजी बहादुर कार्कीलाई मात्र प्रहरीले पक्राउ गरेको थियो । उनले बलात्कार तथा हत्याको उक्त घटनापछि सेनाबाट राजीनामा दिएका थिए । उनको कसूर ठहर नहुने भनी अदालतले पछि उनलाई सफाइ दियो । बलियो प्रमाण जुटाउनका लागि कुनै भरपर्दो अनुसन्धान गरिएन । काजी बहादुर कार्कीले नाम किटेका नेपाली सेनाका वरिष्ठ अधिकृतहरूलाई कहिले पनि सोधपुछ गरी अनुसन्धानको दायरामा ल्याइएन ।

आफ्ना प्रियजन गुमाएका, यातना, बलात्कार तथा अन्य जघन्य उल्लंघनको शिकार बनेका सयौं पीडित तथा तिनको परिवार न्यायको प्रतीक्षामा छन् । एकातर्फ द्वन्द्वकालीन मुद्दालाई संक्रमणकालीन न्याय संयन्त्रहरूले सम्बोधन गर्ने भनी राज्यले जिकिर गर्ने गरेको छ तर संक्रमणकालीन न्याय आयोगहरूको कार्यादेशसम्बन्धी असंवैधानिक कानूनी व्यवस्थालाई सुधार गर्न भनी सर्वोच्च अदालतले पाँच वर्षअघि दिएको आदेशलाई पालन गरेको छैन । फलस्वरुप यी आयोगहरू बेकामे भएका छन् । अर्कातर्फ प्रहरीले नियमित न्याय प्रक्रियामार्फत कुनै अनुसन्धान गरेको छैन । त्यसैले संक्रमणकालीन न्याय संयन्त्रहरू सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग पीडितहरूलाई न्यायमा पहुँचबाट वञ्चित गर्नका लागि उपयोग भइरहेका छन् ।

कानूनी प्रणाली तथा राज्यमा पीडित र सर्वसाधारणको आत्मविश्वास कायम गर्नका लागि सरकार र यसका संयन्त्रहरूले विधिको शासनलाई सम्मान गर्नुपर्छ र अदालतका आदेशहरूको पालन गर्नुपर्छ । यी सन्यन्त्रहरूले पीडकलाई नभई पीडितहरूको संरक्षण गर्छन् भनी विश्वास दिलाउन जरूरी छ । काभ्रे जिल्ला अदालतको फैसला कार्यान्वयन गर्दै दोषी ठहर गरिएका पीडकहरूलाई पक्राउ गरी कारावास सजाय दिलाउन हामी सरकारसँग माग  गर्दछौं । यसो हुँदा मात्र मैना सुनुवारलाई न्याय हुन्छ र मानवअधिकार तथा विधिको शासनप्रतिको प्रतिबद्धता सत्य ठहरिन्छ । मानवअधिकारको जघन्य उल्लंघन तथा मानवीय कानूनको गम्भीर उल्लंघनमा संलग्न पीडकहरूले तालिम तथा शान्तिकार्यमा खटाउने लगायतका कुनै पनि कार्यमार्फत लाभ प्राप्त नगरून् भन्ने सुनिश्चित गर्नका लागि कठोर पीडकपरीक्षण नीति अंगीकार गर्न समेत हामी अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्छौं ।

देवी सुनुवार

अध्यक्ष

मैना बाल विकास समिति

ओम प्रकाश सेन ठकुरी

निर्देशक

एड्भोकेसी फोरम नेपाल